ठाकुर मान लामा

## समयलाई बुझ्न नसक्दा

पैसाको सिरानी पैसाकै बिछ्यौना
माथि सुत्ने बानी
उफ
कहाानिर गल्ती गर्न पुगेछु
अहिले यो सानो मन्दिरको
सााघुरो दलानमा खुम्चिएर
सानै कटौरा सामुन्ने राखी
पैसाको जोहो गर्दैछु

पहिले त हुने खाने नै थिए
सबैले मलाई चिन्दथे
चिन्ने त चिन्ने नै भए
नचिन्ने जो कोही पनि
नमस्कार गर्दै नजिक हुदै आए
अहो कस्तो मेरो भाग्य
आज त्यही चिन्ने पनि नचिन्ने पनि
मेरो अगाडि शानसित हिड्दै थिए

ए तालाइ माग्न लाज लाग्दैन
ए ता काम गरेर खान सक्दैन
बिभिन्न बाणहरु धनुषरुपी मुखबाट
यसरी नै छाड्दैछन्

मानौ म उनीहरुको नजरमा

एक कुख्यात अपराधी नै थिए

त्यही भएर

मेघ जस्तै आाखा बनाई

कोधित भई हिड्दैछन्

काम गर्न किन नसक्नु

लाजले त्यसो गर्न सकिन

चोर्नु मनले दिएन

त्यसैले माग्नु नै उत्तम बिकल्प

हातमा तर सिप छैन

काम माग्न जाउा अरुकहाा

अरु मैले केही देखिन

हो दोष मेरै थियो

समयलाई पहिचान गर्न नसक्नु

समयसाग हिड्न नसक्नु

के गर्नु

आज यही बोराको कम्बलमा

लेट्नु बाहेक

उनीहरुलाई गाली गर्न सक्दिन

उनीहरुमाथि कोधित हुन सक्दिन

## बैशका फुलहरु

कति छिचिल्लिएका

कति जिस्किएका

कति पातिएका

यौवनका उन्मादमा

यी बैशका फुलहरु

आफैलाई भुलिरहेका

हावाका सुस्केरासागै

अनियन्त्रित झुलिरहेका

अतृप्त चाहनामा डुब्दै

यी बैशका फुलहरु

चञ्चलताले छोपिएका

बिना सहारा यी भावना

बिना कसैको परवाह लिई

बेˆवााक उड्दै झुम्न थालेछ

यी बैशका फुलहरु

छिनछिनमा खिलखिलाउने

बानी परेछ लजाउने

सही नै त्यही सपना नै

रमाउन सिकेछन्

यी बैशका फुलहरु

## नयाा नेपालमा कुर्सीको खेल

नयाा नेपाल बनाउने कुरा खाली कुरा नै होला जस्तो छ

नयाा नेपाल अब पनि अक्षरमै सिमित होला जस्तो छ

नयाा नेपालको नारा नेताको भाषण दिने पारा होला जस्तो छ

किनभने

नयाा नेपालमा पनि कुर्सीको खेल नै बढी होला जस्तो छ

नयाा नेपाल बिशाल नेपाल इतिहासबाट बाहिर नहोला जस्तो छ

नयाा नेपाल समृद्ध नेपाल सपनामै सिमित होला जस्तो छ

नयाा नेपालमा सुन्दर नेपाल बनाउने केवल कल्पना नै होला जस्तो छ

किनभने

नयाा नेपालमा पनि कुर्सीको खेल नै बढि होला जस्तो छ

नयाा नेपाल भित्ता भित्ता र होर्डिङ बोडमै झुण्डेर बस्ला जस्तो छ

नयाा नेपालमा खै कहिले रोजगारीको सिर्जना प्राप्त होला जस्तो छ

नयाा नेपालमा निशुल्क पढ्न पाउने धोको धोका होला जस्तो छ

किनभने

नयाा नेपालमा पनि कुर्सीको खेल नै बढी होला जस्तो छ

नयाा नेपाल एउटा जागरुक नेपाल कथनै होला जस्तो छ

नयाा नेपालमा एकता भन्ने कुरा फेरी टाढै होला जस्तो छ

नयाा नेपालमा भेदभावको अन्त्य हुने आशा आशै होला जस्तो छ

किनभने

नयाा नेपालमा पनि कुर्सीको खेल नै बढी होला जस्तो छ

नयाा नेपाल “नयाा” होइन “पुरानै” होला जस्तो छ

नयाा नेपालमा किरण नयाा छाया पुरानै होला जस्तो छ

नयाा नेपालमा सत्ता नयाा व्यहवार पुरानै होला जस्तो छ

किनभने

नयाा नेपालमा पनि कुर्सीको खेल नै बढि होला जस्तो छ

## कुर्सी मोह

हैन यो कुर्सीको मोह पनि कस्तो कस्तो

जहाा गए पनि छोड्न मन नलाग्ने के भा यस्तो

पहिले पहिले भुइमा पलेटी मारेर बस्दा पनि हुने

अहिले एक छिन बस्न नपाउदा ढाड दुखेर आउने

भोज भतेर सेमिनार जहाा पनि कुर्सी चाहिने

बसेर केही क्षण भए पनि शान देखाउन पाइने

अचेल सुत्ने खाटनीर एउटा कुर्सी नभई हुदैन

कसैले चोरेर लैजाला त्यसैले रातमा निदै आउदैन

यही कुर्सीमा बस्दा आफुलाई संसारकै मालिक ठान्छु

नजरबाट ओझेल हुदाा केही गुमाएको जस्तो पाउाछु

जतातते कुर्सी नै कुर्सी यो आाखाले देख्छु

के भा यस्तो मलाई बताइदेउन मित्र तिम्रो पाउ पर्छु

कोही बसिदेला यसमा चनाखो भई यसो हेर्छु

छ भने एक लात दिदै बेस्सरी झपार्छु

बस्न कोही पाउदैन नातावाद होस् कि कृपावाद

यही एउटा त छ जय होस कुर्सी सधै जिन्दावाद